# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र


गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः ११ मितिः २०७६/०७/२१


## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गौमुखी गाउँपालिकाको गाउँसभाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७५ सालको कार्यविधि नं. १**

# गौमुखी गाँउपालिका समाजकल्याण कोष सञ्चालन कार्यविधि २०७५

**गाँउसभाबाट स्विकृत मिति : २०७५।०२।०६**

**प्रस्तावना :** गौमुखी गाँउपालिका क्षेत्रभित्रका महिला,बालबालिका,अपाङ्ग तथा ज्येष्ठ नागरिकहरुलाई आर्थिक सहयोग एवम् प्रोत्साहन गर्नका लागि गौमुखी गाँउपालिका गाँउकार्यपालिकाको कार्यालयले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भ** : यस कार्यविधिको नाम "समाजकल्याण कोष सञ्चालन कार्यविधि" रहेको छ ।

**परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१ गौमुखी गाँउपालिका क्षेत्र भन्नाले "गौमुखी गाँउपालिका स्थित १ देखि ७ वडामा अवस्थित स्थानहरु " सम्झनुपर्दछ ।

२ महिला भन्नाले "आर्थिक रुपमा विपन्न एकल महिला" सम्झनुपर्दछ ।

३ बालबालिका भन्नाले "१८ बर्षमुनिका बालक वा बालिका" सम्झनुपर्दछ ।

४ अपाङ्ग भन्नाले " अपाङ्गता परिचयपत्र वितरण कार्यविधि २०७५ अनुसार परिचय पत्र प्राप्त अशक्तता भएका व्यक्ति" सम्झनुपर्दछ । ज्येष्ठ नागरिक भन्नाले " ६० बर्ष उमेर पुगेका व्यक्ति" सम्झनुपर्दछ ।

## परिच्छेद २

**उद्देश्य र मापदण्ड :** यस कार्यविधिको उद्धेश्य देहायबमोजिम रहनेछ

१ गौमुखी गाँउपालिका क्षेत्रभित्रका महिला, बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरुलाइ आर्थिक सहायता उपलब्ध गराउने ।

आर्थिक सहायता मापदण्ड देहायबमोजिम रहनेछ :

१ यस कोषबाट एक व्यक्तीलाई एकपटक मात्र सहयोग गर्न सकिनेछ ।

२ यस कोषबाट तोकिएको वर्ग (महिला, बालबालिका, अपाङ्ग र ज्येष्ठ नागरिक) लाई मात्र सहयोग गर्न सकिनेछ ।

३ यस कोषबाट एकजनालाई अधिकतम रु ८०००। सम्म मात्र सहयोग गर्न सकिने छ ।

४ यस कोषबाट औषधी उपचार, सहायक सामग्री तथा पोषणयूक्त सामग्रीको लागि मात्र सहयोग गर्न सकिनेछ ।

५ औषधीउपचारको लागि सहयोग माग गर्ने व्यक्तिले सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र तथा उपचार गराएको अस्पतालको मेडिकल रिर्पोट अनिवार्य पेश गर्नुपर्नेछ ।

६ सहायक सामग्रीको लागि सहयोग माग गर्ने व्यक्तिले अपाङ्गता खुल्ने परिचयपत्र ,सम्बन्धीत वडा कार्यालयको सिफारिसपत्र तथा आवश्यक पर्ने सहायक सामग्रीको नाम र अनुमानित बजार मुल्य खुलाइएको निवेदनपत्र पेश गर्नुपर्नेछ ।

७ पोषण सामग्रीको लागि सहयोग माग गर्ने व्यक्तिले सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र, तथा पोषण सामग्री आवश्यक भएको व्यहोराको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको सिफारिसपत्र वा कुपोषण प्रभावित भएको खुल्ने मेडिकल कागजात पेश गर्नुपर्नेछ ।

## परिच्छेद ३

**आर्थिक सहयोग बितरण प्रक्रीया :**

परिच्छेद २ मा तोकीएबमोजिमका कागजनत एवम् प्रक्रिया पुऱ्याई आएको निवेदनअनुसार गौमुखी गाँउपालिका महिला बालबालिका तथा समाजकल्याण शाखाबाट सहयोगको लागि सिफारिस गर्नुपर्नेछ र सोही सिफारिसबमोजिमको सहयोग उपलब्ध गराइनेछ ।

## परिच्छेद ४

**अभिलेखसम्बन्धी व्यवस्था :**

यस कोषबाट सेवा लिने लाभग्राहीहरुको विवरण गौमुखी गाँउपालिका महिला बालबालिका तथा समाजकल्याण शाखामा अभिलेख राख्नुपर्नेछ ।

आज्ञाले,
राजिब पन्थी
प्रमुख प्रशासकीय अधिकृत